# प्रधानमन्त्री जंगबहादुर राणाको समयको नेपाल-भोट युद्धको ऐतिहासिक सामग्री

षाम भित्रका पुर्जिको नक्कल

उप्रान्त हामीले गोला हालि सक्न्या वित्तिकै सेतो झंडा घुमाई चिठी ली तल षोलामा गाडी फर्कि किल्लै भित्र गयो . हाम्रो मानिस पठाई ल्याइ राख्याको छ . दोभास्या नहुनाले मुद्दा केही वुझ्याको छैन . दोभास्या आयापछि मुद्दा वुझी विंति चऱ्हाइ पठाउला शुभम् --------

तस्तै वषत्मा ल्हासाका दुंतारिन् अम्वावाट श्री ५ गोर्षा सरकारलाई लेषी आयाको उप्रान्त फागुण मैन्हाका १९ दीनमा अर्जि र चिठी सार्न्या वषत्मा र फेरिन्दीनमा हामी ताठीन्वाट टिगरीमा षटाई पठायाका चिनीञा भारादार भोटचा भारदारले हामीलाई लेषी पठायाका चिठी आइपुग्यो . आफू वाङवाट षटाई पठायाका पगरि रामसुन्दरले ल्यायाको अर्जि र चिठी ञाहा आइ पुग्नी वित्तिकै रीत वमोजिम सारी हेर्दा वेहोरा सवै मालुम भयो . वारम्वार आफूवाट पठायाका चिठीको वृतान्त वुझि आफू वाङ्लाई चिठी लेषी पठायाको हो . श्री ५ वादशाहलाई पनी अर्जि चऱ्हाई पठायाको छ . सोझवुझ गर भनी एकपट्टी भारदार षटाई पठाऱ्यूं आफु वाङवाट चढाई गर्न पठायाका फौजलाई फकाई झिकाउनु काम नछिन्यासम्म पर्षिरहनु . अघिदेषी आफु वाङले आकाश समान श्री ५ वादसाहका शरण पिछा परिरहच्याका छौं भोट पनी यकै घरको मानिस हो फरक छैन झगरा गर्नु पऱ्यादेषी हामी ताठीन्वाट रीत वमोजिम भारदार षठाई साचो कुरा ठहराई सोझवुझ गरि छिनिदिनु पर्छ भनी पठायाका छन् . जस्तो गरि अघिदेषि दुइतिरको मिलाप थियो तस्तै गरि मिलीरहचा दुईतिरलाई फल हुन्या छ . आज आफु वाङको राज्येमा भोटले विजाइ गऱ्यो भन्याको मात्रै अर्जि चऱ्हाई पठाया छौं . भोटले पनी तेस्तै वेहोराको अर्जि चऱ्हायो भन्या हामी ताठीन्वाट जस्ताको तस्तो निसाफ गरिछिनी दिदा हुँ आफुवाङलाई हामी ताठीन्ले धेरैपल्ट चिठी पठाऱ्यु र येस वेहोरासंग काम गरौला भन्या कुरो केही आयेन अकस्मात पाँच दिसावाट फौज चढाई गर्न पठाऱ्युं भन्याका र दोसाधदेषी वढन्या छैनन् . भोटवाट करवर रूपैया दिया घा गरौला उसै माफिकको जगा दिया पनी घा गरौला भन्याको र टिगरिमा वस्याका चिनीञा सिपाही फरक गर्नु भनी पठायाको अर्थ सान्है मनोग्य गर्दा रहचाछौं . हाम्रा आकाश समान श्री ५ वादसाह अघीदेषी गादिमा

राज गर्नु हुदा लाष लाष करवरको पनी माया छैन पुर्वतार्चन्दो देषी येता पश्चीम ल्हासा डिगर्चा ज्याची टिगरि सवै जगामा कुन्हन राख्याका भारादार सिपाही श्री ५ वादसाहवाट हुकुम भै तैले ल्हासामा कामकाज गर्नु वुद्धसास्त्रको र जगा जगामा आया गयाका चिठीपत्रको सहि संभार गर्नु भनी हुकुम पाई आयाको हुं . भोटको जिमी पनी श्री ५ वादसाहको अम्वल हो . आफुवाङ वाहीरी मुलुकका राजा भया पनी मिची आउनु हुदैन . आज आफूले लेख्याका सव वेहोराको निसाफ गरि घा मिलाउनु भनी हामी ताठीन्वाट भारदार षटाई पठायाका छन् . आफुवाङले दस्तुर नमानी मनोग्य गरि सिमाना देषी फौज वढन्या छैन . चादि दिया पनी जिमी दिया पनी घा मिल्ला नतर मान्या छौन भनी कर लगाई आसा गरी रहयाका छौ . त्यो तक्रार भोट्सित गऱ्याको होइन श्री ५ वादसाहलाई नमान्याको हो . श्री ५ वादसाहको वाटुलो ठूलो फेरो छ लाषसय कोसमा ज्यादा होला जिमीको थाहा छैन सांध सिमानामा जो भयाका भारादार सिपाही र आयागयाका चिठी पत्रको सही सम्भार गर्नु भनी कुरन राख्या हुन् . टिगरि ज्याची डिगर्चाका भारादार सिपाहीले कुन्ही रहयाको धेरै वर्ष भयो . मानिसको हिसाव गर्दा थोरै छन् भन्या पनी ठूलो साध हो . तेस्ता तरहले आउनु हुंदैन भारादार सिपाहीहरू फराक भैरहनु भनी आफुवाङवाट चिठी लेषी आउंदा हामी ताठीन्ले श्री ५ वादसाहको जिमी उसै दिन सकौला क्या त्यो कुरा दस्तुरमा पनी मिल्दैन . आफुवाङका अर्जिमा लेख्याको वेहोरा पैल्हे भोटले विजाई विद्दत गऱ्यो भन्याको र हामी ताठीन्लाई लेषी आयाको चिठीमा तेसै वेहोराको चिठी लेषी श्री ५ वादसाहका हजुरमा चन्हाई पठाऱ्युं . फेरि फेरि यस्ता वेहोराको विंति नगर्नु अर्जिका पुछारमा लेख्याको वेहोरा अजोग्य लेख्याको रहेछ . जस्तो तस्तो वेहोरा चन्हाउनु ता हुन्या होइन आफुवाङले भाव गरि चन्हाई पठायाका हुनाले पर्माना आवला भनी वाटो हेरी रहन हुन्याछ . तसर्थ रीत दस्तुरमा नमिल्या त पनी चन्हाई पठायाको छ . आफुवाङले चन्हाई पठायाका अर्जिमा विंति गर्नु नहुन्या कुरा हुनाले हामी ताठीन्ले अगावै देही षोली पठायाको छ . छचाङलुङ श्री ५ वादसाहको पालामा आफूवाङका राज्येवाट विना कामै भोट ल्हासाका साधमा ढेरैपल्ट हुलमुल गऱ्यो र श्री ५ वादसाह क्रोढ हुनु भयो र ठूलो च्यान्चुन र सिंपाही षटाई लडाञी गर्न पठाउनु भयो . आफु वाङ्का सिपाही हटिगया आफुले गऱ्याको कारं हुनाले श्री ५ वादसाहवाट ठूलो फौज आयाको हो सिपाही र सिपाहीको जागीर चादि चीन सहरवाट आयाको हो . भोटचासंग सापट माग्याको होइन . श्री ५ वादसाहवाट भोटसंग मद्दत गर्न क्यान पऱ्यो . आज भोटले आफुवाङका राज्येमा फौज चढाई गर्न पठायाको छैन १।२ जना मुर्ष हुनाले आफुका अम्वल्का पर्जासंग थोरै नमिलींदा विचार गरिछिन्न सकिन्या काममा आफुवाङले निहु गरि मनोग्यसंग सिपाही चढाई गरि क्यान पठायाको हो . श्री ५ वादसाहवाट वल वक्सनु र चादि वक्सनु भन्याको अर्थ मन्सुवाता गऱ्याको रहैछ तर दस्तुरमा नभयाको साऱ्है मन्सुवा गर्दा रहयाछौं . आफुवाङ अर्जिमा लेख्याको वेहोरा अघि परापुर्वदेषी तिमीलाई दुष पऱ्यादेषी ल्हासा अम्वामार्फत् विंति चन्हाइ पठाउनु भंन्या हुकुम मात्रै भयाको हो . तसर्थ श्री ५ वादसाहवाट हुकुम भै ल्हासा वस्न्या ताठीन मार्फत चन्हायाको रहेछ . हुकुम् नआउंज्याल काम नछिननज्याल सम्म पर्षनु पर्छ . मनमा चिताई हुकुम नभै अघिसरि सिपाही चढाई पठाउ भंन्या हुकुम् छ की आफु वाङका पुर्षाका पाला देषी वहुतै

गरि श्री ५ वादसाहका हुकुम्लाई मानीरहचाको हौ आज आफु वाङले यस्ता डवल गऱ्यो अघि अघिका श्री ५ वादसाहको मेहेर र आफना पुर्षा धर्म सम्झनु पर्दैन . क्या त्राहा पठाइ दियाको अर्जि हामी मार्फत चाडै चऱ्हाई पठाई दिउँला जो हुकुम् भै आउला तेस्को उत्तरा सर्वथा गरि आफू वाङलाई लेषी पठाउँला यो चिठी ताहा पुगऱ्या वित्तिकै चढाइ गर्न पठायाका सिपाहीलाई चाडो फिकार्उनु श्री ५ वादसाहवाट हुकुम नआउँज्याल मानी काम गर्नु पर्छ . हामी ताठीन्ले दियाको अर्ति सिक्षा चित्तमा राषी मानी काम गरिरहचा आफूवाङ र मंत्रिपर्जा प्राणि सवैलाई ठुलो फल हुन्या छ . सवै मोही भया जस्तो गरि भोटलाई मनोग्य गरि कर लगाञा भोटले सहिरहला क्या भोटले सहचा पनी हिमायत गऱ्यापछि श्री ५ वादसाहवाट सहन हुन्या छैन . ठिक्क ठिक्क गरी यो चिठीमा निरहनु पर्छ . श्री हाङफोन ५ साल हाम्रा २ महिनाका १५ दीन जादा भोट ल्हासा यामन् शुभम्––

<u>वैसाष शुदी १५ रोज ३ मा</u>

ल्हासाका टुंतारिन अम्वालाई श्री ५ गोर्षा सर्कारवाट जवाव लेषी गयाको उप्रान्त आफूवाङवाट षटाइ पठायाका पगरी रामसुन्दरले ल्यायाका अर्जि र चिठी वारंवार आफुवाट पठायाका सवै चिठ्ठी आइपुग्या हामी ताठीन्ले वृन्तान्त वुझी आफूवाङलाई चिठी लेषी पठायाको हो . श्री ५ वादसाहलाई पनी अर्जि चऱ्हाई पठायाको छ सोझवुझ गर भनी येकपट्टी भारादार षटाई पठाऱ्युँ आफुवाङ चढाई गर्न पठायाका फौजलाई फर्काउनु काम नछिनंजीसम्म पर्षीरहनु भन्या विस्तारको आफुहरूवाट पत्र लेषी आयाको सवै विस्तार मालुम भयो श्री ५ वादसाहको ठूलो फेरा छ . लाषसयेका सम्म ज्यादा होला जमीनको थाहा छैन भन्या विस्तार लेषनु भयाका षुरालाई वढीया लेषी आयेछ . हामीले श्री ५ वादसाहको मुलुक सानु देख्याको छैन . हाम्रा हिसापमा उद्याचल देषी अस्ताचलसम्म आकाश समान श्री ५ वादसाहको मुलुक वहुतै छ . सूर्य समान तेज प्रताप भयाका देषी शरण पिछा परि मानी आयाका हो अवप्रान्त पनी मान्यै छौं . अघी गोर्षाले भोटमाथी अर्घ्याली गर्दा श्री ५ वादसाहवाट रिसानी भै गोर्षाका फौजलाई सजाये गरि छचाङलुङ ५७ सालमा आफ्ना मुलुकमा फिराई वक्सनु भयाको थियो . हाम्रो अर्घ्याली हो भनी चित्त वुझी भोटवाट अर्घ्याली गऱ्याका वषत्मा श्री ५ वादसाहका हजुरमा विंति गरिसजाया गरौला भंन्या कुरा मनमाली श्री ५ वादसाहको टहल गरी चुपलागी रहचाका थिञ्युं . आज भोटले अघी पनी श्री वादसाहवाट हाम्रो पक्ष गरि गोर्षालाई निकाली दियाको हो अहिले हामीले गोर्षालाई थिचोमिचो गऱ्या पनी श्री ५ वादसाहवाट हाम्रा पक्ष भै गोर्षालाई सजाये गर्नु हुन्याछ भंन्या भोटले आफना मनमा चिताई गोर्षामाथि थिचोमिचो गर्दा श्री ५ वादसाहवाट अर्घ्याली गऱ्याका कुराको निसाफ हुन्यैछ भनी भोटले अर्घ्याली गऱ्याको सहन नसकी भोटसंग लड्न निमित्त फौज पठायाको हो . आज फौजलाई फिराई लैजानु भन्या कुरा आफुहरूवाट लेषी आउँदा जस्तो भोटले चितायाको थियो उस्तै भयो भंन्या हाम्रा चित्तमा लाग्यो भोट्मा उसै चढाई गऱ्याको होइन भोटले हामीमाथी साऱ्है अर्घ्याली गर्दा भोट माथी चढाई गऱ्याको हो श्री ५ वादसाहवाट गोर्षामाथी भोटले अर्घ्याली गर्दा चढाई गर्न फौज पठायाका छौ वढीया हो भनी मेहेर करूणा रहचो भन्या अघिदेषी भोटले मानी आयाभन्दा दुइ गुणा वढता गरि श्री ५ वादसाहलाई मानी तहल गर्न तयार छौं अघि गोर्षाले भोटमाथी भोटले अर्घ्याली गर्दा पनी गोर्षालाई सजाये गऱ्याको हो अहिले गोर्षालीमाथी भोटले अर्घ्याली गर्यामा पनी गोर्षालाई

सजाये हुंछ भनी श्री ५ वादसाहवाट हुकुम हुंछ भन्या हाम्रा क्या लाग्न्या छ श्री ५ वादसाहको रिसानी हुकुम सिरउपर छ शुभ्म् -------------------

ज्येष्ठवदी १ रोज ५ मा

तस्तै विचमा श्री जनरल धीरसम्सेर जङ्ग कुवर राणाजीवाट सेठाकाजीके जुवाफ लेषी गयाको उप्रान्त नत्रा आयाका हचेतारिन् अम्वा र अघीका टुंन्तारिन अंवा २ वाट हुकुमको चिठी मोहरमा गोर्षा र भोट २ का काम निमित्त दुवै अम्वाका साथ टिगरिमा वस्न्या टुनतालोये टिगरिवाट रमाना भै केरूङमा जानु भयो अघी सिंभुका लामा र टाँसि लिम्वुलामा षजांची भुगा पुगन्या वषतमा गौडा कुन्हर्ना भोटका लस्करसंग अलिक लडाञी भयाको रहेछ यसपटक टुनतालोये केरूंमा जानु भयाको वेला छ . अल्है कुतीमा दुवैतर्फवाट लडाञी भयो भन्या सल्टनका काम कठीन पर्ला भन्ना निमित्त मेरा चित्तमा निश्चय गरि यो चिठी लेख्याको हो टुन्तालोयेवाट सलतन त हुन्या नहुन्या येक कुराको ठेकोना नहुंज्यालसम्म कुती तरफमा तपाइले फौज वढाई षलवल नगर्नु होला हाम्रातर्फवाट पनी षलवल नगर्नु भनी उर्दि दी पठायाको छ भनी लेषानुं भयाका अर्थ वढीया लेषी आयेछ दुवैतिरवाट घावन्दोवस्त भै मिलाप भयो भन्या दुवैतिरका फौज वाचन्या दुनिलाई सुष हुन्या द्यावन्दोवस्त भयो भन्या म वहुत षुसि छुं तर लडाञी गर्न्या र थामन्या मेरो अषतियार छैन श्री प्राइम मिनिष्टर र दाज्यैज्यूवाट जस्तो हुकुम आउँछ उसै माफिक मैले काम गर्नुपर्छ आज १५।२० दिन भयो . वैसाषका १५ दिन जादासम्म कुतिदेषी नवढनु वैसाषका १५ दिन नाघया पछि कुतीदेषी लंगुर सम्ममा भोटवाट लड्न आयेनन् भन्या पनी त्यो मुलुक फत्य गरि लिनु भन्न्या हुकुम आयाको छ तापनी हिउँ पऱ्याको हुनाले श्री प्राइम मिनिष्टर दाज्यैज्यूका हजुरमा वैसाषका दिन २९ जादा मथामुला ताहासम्ममा द्यावन्दोवस्त भयो भंन्या चिठी श्री प्राइममिनिष्टर दाज्यैज्युवाट आयेन भन्या हुकुम वमोजिम लंगुरसम्म फौज वढाई लडाञी गर्न्या छु . वैसाषका १९ दिन जाँदा देषी पुढो नेपालमा साधसोध गरी लडाञी थामनापछी लाग्या मलाई तक्सीर लागन्या छ लडाञी थामन म सकन्या छैन लडाञी थामनु र लडाञी गर्नाको अषतियार गोर्षा तरफका श्री प्राइममिनिष्टर दाज्यैज्युको छ भोट तिरका अषतियार तपाइको छ श्री प्राइममिनिष्टर दाज्यैज्यु पनी भारि फौज ली केरुं तरफ जानु भै दुइ जना वसी घागर्नु भया भन्या गोर्षा र भोट दुवैतर्फका फौज रैतिले सुष पाउँन्या छन् . श्री प्राइममिनिष्टर दाज्यैज्युको र तपाईंको घावन्दोवस्तका कुरा मिलेन भन्या दुवै तिरका फौज रैयतलाई वडो कस्त भयो भनी जान्नुहोला अव अघिका जस्तो लडाञी हुन्या छैन ठूला लडाञी हुन्याछ . सो वुझनु होला घावन्दोवस्त गर्नालाई साना दर्जाका मानीस आइ श्री प्राइम् मिनिष्टर दाज्यैज्यूका चित्त वुझाई घागर्न सकन्या छैन नेपालका सवैभन्दा ठूला दर्जाका श्री प्राइममिनिष्टर र दाज्यैज्यू वाट केरुं गयापछि भोटका पनी ठूलो आतकात् गर्न सकन्या मानिस तपाई हुनुहुंछ तपाइ जानु भै वन्दोवस्त गर्नु भया वढीया होला वीचघा गर्न आउँन्या मानिसलाई दगा होला भनी संदेह नमान्नु होला घामा मेलन भया पनी जनाउ दी लडन हुन्याछ दगागरि लडन हुन्या छैन जति चाडो घा गर्नु होला उति दुवै तिरका फौजको पनी जीउवाचला घाहुनामा ढील हुनगया भन्या गोर्षाको फौज वढीकन् जाहासमम पुग्ला वाहासम्म टेक्याको जमीन छोड्नु हुन्या छैन मेरा वुद्धिले देषी धर्म चित्तले लेख्याको हो तपाईका चित्तमा जस्तो आउँछ आफुलाई वढीया हुन्या तपाइका वुद्धिले देषनु भयाको काम गर्नु

हुन्यैछ . लडाञी गर्न्या भन्याको गोर्षाको निमक र भोटको निमक हो शुभ्म् ----------------

जेष्ठवदी १ रोज ५ मा

श्री जनरल धीरसम्सेर कुवर राणाजीवाट सुनागुम्वामा रही लडाञी गर्न आउँन्या फौजका मालीक के लेषी गयाको उप्रान्त वैसाषका १५ दिनजादासम्म नलड्नु भंन्या हुकुम आयाको थियो तपनी हिउ पऱ्याको छ भंन्या वाहाना गरि आलटाल गऱ्याको थियो घा भयो भंन्या चिठी आजसम्म नेपालवाट आयेन अव मैले लडाञी थाम्या भन्या नेपाल दर्वारवाट मलाई त तक्सीर लागन्या छ तस निमित्त तिमीहरूसंग लडाञी गर्नालाई फौजली म आउन्याछु लडछु भन्या पनी तिमीहरुको षुसी लडाञी नगरी जमीन छोडी जान्छौ भन्या पनी तिमीहरुको षुसि अव लडाञी थामन सकिंदैन शुभ्म् --------

ज्येष्ठवदी १ रोज ५ मा

तस्तै विचमा श्री प्राइममिनिष्टरवाट श्री जनरल भाइ जनत्सम्शेर जङ् कुवर राणाजीलाई जुवाफ लेषी गयाको उप्रान्त साजवेहानमा झुगाकिल्ला पनी सरहुन्याछ तोपषरषर्जाना रसद पानी मद्दतलाई फौजवरावर रवाना गर्दैछु अफीसरहरूलाई पनी वषत विचार गरि षपकिर स्यावासी गर्दैछु भनी लेख्याका कुरालाई तोपषजाना रवाना गर्न्या र अफीसरहरूलाई वषत विचार यसकी र स्यावासी गर्दै रहन्याका म वस भयेछ झुगाकिल्लामा गोली गिराफ वरावर हान्न लागीरहचा छन् ढोका पिछे दस आठ जना भोटचाच्यापसाली वस्या भन्या धेरै मानीस षराव हुनन् की भन्याझै लाग्दछ भनीलेख्याका कुरालाई षजाना भन्याको आफू जिउ हो झुगाको किल्ला माटाले वनायाकामा लाषौ गोलाहान्या पनी विग्रन्या रहेनछ किल्ला भित्रका घरहरू धेरै गोला गिराफहान्या पछि सवै विग्रन्या छन् ति घर वाकी रहचा पनी आफैंलाई काम लाग्न्याछ तसर्थ धेरै गोलागिराफ षजाना मात्र षर्च गरि पुग्दैन आफनु षजाना पनी कम षर्च हुन्या किल्लाभित्रका घर पनी सावुद हुन्या आफनु फौज पनी नविग्रन्या तजवीजसंग हमला गरि किल्ला भित्र पसी झुगाको किल्ला चाडो लिन्या काम गर शुभ्म् ------------------------

ज्येष्ठवदी १ रोज ४ मा

तस्तै विचमा श्री प्राइममिनिष्टर साहेवका हजुरमा श्री जनरल जगत्सम्सेर जङ्ग कुवर राणाजीवाट चऱ्हाई पठायाको भोटचाले लेख्याका चिठीका पुर्जि चऱ्हाई पठायाको हो दोभास्या आयापछी त्यो चिठी पठाउँदा उत्तर तिरको वाटो षोली वक्स्या वढीया होला भन्या मुद्दा लेख्याको रहेछ . वल थपं नालाई होकी भागनालाई हो भन्या मलाई तजवीज पऱ्यो . जुक्तिले हुन्या भया किल्ला पनी नविगारौ मानिस पनी किन मारौ भंन्या तजवीज ठहर्दा तिमीहरू भागन्या भया भाग भागन्यालाई हामी मार्न्या छौन भोली भन्या हामी स्मेत् आइ तिमीहरूको किल्ला टुक्रटुक्रा पारि हमला गरि तिमीहरूको ज्यू जाहान येक नराषी मार्न्या छौ आफु जान भनी येस चिठीको जवाप लेषी पठाञा . श्री भैरवनाथ पल्टन अस्ति पानीघाट थुन्न जादा किल्लाका सान्है नगीज वस्याको रहेछ र नीज पल्टनलाई आफ्नै जगामा वस्न जाउँ भनि उर्दि दिंदा छाउनीमा गै वस्दा हामीलाई वाटो दियाछन् भंन्या जस्तो मानेछन र ५।७ घडी रात चढ्दा देषी भागनाको सुरगरेछन् आफ्ना विकटको वन्दुक पटक्याको सुन्दा हाम्रा फौज सवै होशियारसंग तैयारी भै षडा भया विकटका वन्दुकको अवाज र हाम्रा फौजको हमलाको षैलावैला सुन्दा भोटचाको फौज येकैचोटी किल्लाको ढोका षोली हाम्रा विकटको अन्तरसन्तर पारी जत्रतत्रवाट भागी गया त्यो भाग्याको हौंडा सुनी अरू

पल्टन किल्लामा पस्यो श्री पुराना गोरष र भैरवनाथ जङ्गनाथका केही सिपाहीले लषेटी दिंदा उनले छोडी गयाका हातहतियार वषुपाषी भाडावर्तन ल्याइराख्या छन् अरू सवैज्मा भैसकियाको छैन किल्ला भित्रको दर्वार ध्यांङगुम्वा कोट केही हेरियाको छैन भरे भोलि वुझिजतो जाँच गरि लेषी चऱ्हाई पठाउँला षजाना षर्च नगरि मानिस नमराई वैसाष श्रुदी १५ रोजका दिन ९ घडीरात वाँकीमा झुगा किल्लासरभै हामी किल्ला भित्र पसी फत्यनामाका २१ तोपको सलाम्नी गऱ्यौ त्यो जगामा येस्तो किल्ला करवर रूपैयोले पनी वनीसकन्या छैन यो वाटो आयो भन्या चिनको लस्करका मुहुडा पनी मार्न सकीन्यारहेछ किल्ला भित्र हामी जादा लामा र अरू वुढावुढी केटाकेटी भोटच स्मेत् ६०।७० जना रहचा छन् इन्हेरूसंग येस किल्ला लस्कर कति थियो भनी सोद्धा लडन्या जवान सातसयेमा घटी थियन हजुर पालनु हुँदा लस्कर धेरै देषी भाग्यो भन्दछन् अघी चेन्टुढेवाले टासिगाउँको लडाञी हार्न्या वित्तिकै ञाहाको असवावस्मेत चौरिमा वोकाई लग्यो भन्छन् . ञाहा तोप पल्टन राषी केही पल्टन तोपली सरासर टिगरी जान आटचाको थियो रसदले नपुग्दा येसै किल्लामा वसी गोलाले भन्क्याविग्र्याको किल्ला वनाउन लाउछ . ञाहा आइपुग्याका पल्टन र पिपाषलासीमा चाहीदो ञाहा किल्लामा राषी अरू पल्टन पिपाषलासीलाई केरुंदेषी झुगासम्म लामवाधी वरोवर रसद दारूवा चलाउन लाउछ . केही टिगरी मैदान तिर पनी चेवा छोडन्याछु . ञाहा अघी भाग्याका लामारैतिहरुलाई पनी ज्मागरीषाति जामलत गरि दिन्छु . मुकाम झुगा किल्ला शुभ्म् -- श्री प्राइममिनिष्टरका हजुरमा ताक्लाषारका भुषीया लोप्पा दुनिञाले पिछा पर्न आउदां राख्याको नजराना वमोजिम तपसील-----------------------

तपसिल

जेष्ठवदी १ रोज ५ मा लोपाटि जुनन तुर्वुलेराख्याको

मोहर्रु ------------------------------ ५

ज्येष्ठवदी २ रोज ६ मा ----------------------

लोपाटी लांमा धुवेतले राख्याको -------------

नगद रुपैया ------------------------ १६

कालो मुमेड घोडा ----------------------१

फर्कावादी रुपैया -----------------------३॥

कुचिनकोवषु ------------------------१

मोहर रुपैया -------------------------३॥

तसीषाता ---------------------------१

तेमासी रुपैया -------------------------९

सर्दुथान ----------------------------१

--------------------------------

शिवसिंकोटोप्याजुवालेराध्याको--------------

सवुजा घोडा -------------------------१

सुन पाउँलो ------------------------- ३

मोहर रुपैया ------------------------२०

पहेलो कुचीन षगाम --------------------॥।

सर्दु थान ---------------------------१

--------------------------------

ताकलाषारको रैयत तोयाकीमुषीया प्पांवाविष्ट किर्राविष्ट थिति विष्टले राख्याको --------------------

सवुजा घोडा ------------------------ १

तेमासि रुपैया ----------------------२९

फर्कावादी रु. ------------------------१

सर्दु थान ---------------------------१

--------------------------------

मेजर कपतान वर्फानसिंवस्न्यात मार्फत लोपटीको नार्पाले ल्यायाको फर्कावादी रु ------------५

------------------------------
जेष्ठवदी ३ रोजमा ------ --------------
काजी जुद्धवीर अधिकारी मार्फत ताकलाषारका रैतीले ल्यायाको
सुनपाउलो-------------------------१
मोहरु ----------------------------४
सर्दु थान -------------------------॥
------------------------------
मेजर कपतान हस्तविरसाही मार्फत ताकलावारको लामाले ल्यायाको --------------------
सुनपाउलो ---------------------- १
------------------------------
ज्येष्ठश्रुदी ६ रोज ३ मा वझांगी तौतरीया उगवसिं मार्फत जिताकोटको मुषिया रैतिले ल्यायाको -----
फर्कावादी रुपैया ---------------------१
सर्दु थान -------------------------१
तेमासि रुपैया ---------------------२॥
याता थान -------------------------१
------------------------------
आषाडवदी ७ रोजमा कविलासको लामाले ल्यायाको -
सुनपाउलो ---------------------१
फर्कावादी रुपैया ---------------------१
सर्दु थान -------------------------१
तसि षाता -------------------------१
------------------------------
अधिक आषाडसुदी १० रोज १ मा -----------
मानसरोवर छुइगुम्वाको नेर्पाले ल्यायाको -------
सुनपाउलो ---------------------१
मोहर रुपैया -----------------------१
सर्दु थान -------------------------१
तसिषाता ----------------------१
------------------------------
मानसरोवरको घुमुगुम्वाको पुजाहारि लेल्पायाको ---
मोहर रुपैया ---------------------१
सर्दु थान -------------------------१
तसिषाता -------------------------१
ताकलाषारकोटमा पाइयाको र ताकलाषार गाउँ गाउँवाट झिकी ज्मा गर्‍याको अघी लेषी जाहेर गरि पठायाको कलम्स्मेत ज्माहतियार ----------------
ताकलाषार कोटमा पाइयाको -------------
लस्करि वन्दुक नाल ----------------१७१
कुन्दा भया नभयाको सावुद फुटटुट नाल ------१६६
टुक्राटुक्री -------------------------५
------------------------------
तरोवार कवुजा भया नभयाकोमा सावुद र टुटफुट स्मेत -------------------------८६
च्यापसा सावुद र टुटफुट स्मेत -----------४०
ढाल छालाले मोडचाको पोका -----------४
फलाम्या तोप -----------------------६
इसपात छालाले मोडचाको पोका ----------४
------------------------------
ताकलाषार गाउँवाट झिकि ज्मा गर्‍याको ज्मा ---
कुंदा भया नभयाको गरी लस्करी वंदुक नाल ---१
कवुजा भया नभयाका गरी तरवार ----------२३
साना थुला गरी च्यापसा छुरि ------------४४
सिसा धार्नि -------------------------४
वारुद पाथी -------------------------५
------------------------------
वैसाषका १२ दिन जादा ----------------
रात्री गत घटी १८ पला ५७ जादा जुमलावाट

ताकलाषार तरफ रवाना भयाका पल्टनले प्रभुमीप्रवेसको सायत --------------------------१

दिन गत घटी ७ पला ३१ जादा कुतीतर्फ रवाना हुनालाई श्री जनरल धीरसम्सेर जङ्ग कुवर राणाजी श्री कर्णैल कुलमानसिंह वस्न्यात् श्री ५ सर्कारमा विदा भयाको सायेत --------------------------१

दिनगन घटी १४ पला ७ जादा नीज जनरल कर्णैल कुती तरफ रवााना भयाको ----------------१

------------------------------

ज्येष्ठवदी २ रोज ५ मा

ताहापछि श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगतसम्सेर जङ्ग कुवर राणाजीवाट लेषी चऱ्हाइ पठायाको कर्णैल सनक सिं षत्रीलाई झुगा हान्न जानु भनी मर्जि भयाको रहेछ . स्याफ्रुदेषी पांसिंटारसम्म रसदको काम गरि रहचा छन् . अव पांसिंटारदेषी झुगासम्म लाम वाधन वाकी छ जो सनक सिं षतृ ताकीता गर्नन सिंहवीर पाडेवाट होइसकन्या छैन . ८।१० दिनता इनलाई वुझ्नै पनी लागन्या छ . अवर झुगा किल्ला सर भै गयो सनक सिं षतृलाई पनी झिकाइरहचाछु आइपुगन्या वित्तिकै १ दिन त्राहा राषी सल्लाह गरि इनले भन्या माफिकको दस्षत गरि मद्दतलाई त्राहा आइपुग्याका २।३ पल्टन स्मेत् पठाई रसद चांडो आउन्या काम गर्न लाउन्या छु . कर्णैल त्रिवीक्रम सिं थापा म सितै छन् . किल्लामा रहचाको माल असवाप हातहतियार अंन नून वुझि जगा जगामा राषन्या काम गर भनी अऱ्हाइ काममा लाई राख्या छु . मधेसवाट आयाका रसद गैऱ्ह वुझी थनक्याउन भनी मेजर कपतान समेत सिं कुवरलाई राख्याको छु झुगाका रैयत भला मानिस ज्मा गरि षानिर्जामाको तस्तसल्लह गर भनी मेजर कपतान वलभद्र माझिलाई लाइराख्याको छु . किल्ला आइभत्क्याको वनाउनु ठाउंठाउंमा तोपको मारु किल्लाभित्र रहेन छ र श्री लेफटेन्ट जनरल दाज्यैज्यूबाट गोलंदाजर अफिसर श्री भैरवनाथ पल्टन स्मेत ली मारू वनाउनु हवस् भनी उर्दि दित्रा जंगीं गोला फुटन्या गोला वम्ले कोटघर घ्याङ किल्लाभित्र विग्य्राका घरहरू र जगाजगामा साफ गर्न भत्क्या विग्य्राको वनाउन कपतान रणसुर विष्टलाई लात्रा किल्लाभित्र इनार छ पानी नषानु भनी मर्जि भयाको थियो किल्लाभित्र इनार १ मात्र रहेछ पानी सुक्याको छ अरूका मकाम सक्यापछी इनार षंन्या काम गरौला मुकाम झुगा किल्ला शुभ्म् --------

षाम भित्रका पुर्जिको नक्कल

किल्लाभित्रको असवाप तहकित नभै अंदाजले विंति चऱ्हाइ पठायाको होनुन् मुरी ३००० चावल सत्तु पिठो गरि मुरी २००० वन्दुक हातहतियार थाघना घरा पाषी वषु गैऱ्ह भाडावर्तन तहकित भयाको छैन सुनाचादी नगद केही देख्याको छैन शुभ्म् ------------

जेष्ठ वदी २ रोज ५ मा

तस्तै वषत्मा श्री प्राइममिनिष्टरका हजुरमा श्री मेजर जनरल कृष्न धोज कुवर राणाजीवाट लेषी चऱ्हाई पठायाको ताहा पल्टन १ ज्माउनु परयो ५०० देषी १०० जवान सम्मको नत्रा पल्टन १ वैसाषका १० दिन जादासम्ममा जति भर्ना गर्न सकछ भर्ना गरि भर्ना भयाका जवानको नामासीफर्द लेषी त्राहा पठाई दिन्या काम गर . ताहा पठाई दिन्या काम गर ताहा भर्ना भयाका पल्टनलाई मंडीका ११।१२ सालको आम्दानी मध्ये तलव दिन्या काम गर्नु भनी लेषी वक्स्याको हो . पत्र आउने मात्रै भर्ना गर्न लाग्याको थित्रा वैसाषका १० दिन जादासम्ममा भर्ना भयाको जवानको नाउनमेसी फर्द उतारी चऱ्हाई पठायाको छ जाहेर होला .

पुस्तावाली कागज हाल ताकलाषार जानु पर्न्या कागज लेषी आये नर नामासी हाजीर मात्रै चर्न्हाई पठायाको छ . अरू पल्टनका पुस्तावाली कागज चर्न्हाइ पठाउंदा नत्रा पल्टनको पनी पुस्तावाली चर्न्हाइ पठाउला ताकलाषारको वेहोरा वुभ्दा ताकलाषारैमा भन्या फौज ज्मा भयाको छैन भन्या कुरो गर्छन् काही लपिछ्पि फौज रहचाको छ की कसो हो हेरि वुभ्मि सोही माफिकको तयारी गरी हाल्याका काम गरूला . ताकलाषार पुग्या पछी विंति चर्न्हाइ पठाउंन्या काम गरुंला हामी र येही मितीका रात्रीको सायतमा भोटको मुलुक कुलचनालाई कुच गर्‍यूं मुकाम यारिसैचली चलाउं शुभ्म् ----

ज्येष्ठवदी ३ रोज ६ मा

तस्तै विचमा श्री प्राइममिनिष्टर साहेवका हजुरमा श्री जनरल जगत सम्सेर जङ कुवर राणाजीवाट लेषी चर्न्हाई पठायाको भ्मुगा किल्लामा अघि टिगरीवाट आउंन्या फौजसंग कोही रैति निस्की वन पस्याका रहचाछन् . तस्तै विचमा हामीवाट किल्ला सर भयो र चारैतरफ ढोकामा पहारा राषी जोतेर किल्ला भीत्र भयाको नुन् अंन पानी कसैलाई वाहिर निकलन नदीनु ल्याई यकै थाउमा ज्मा गरि राषनु भनी अर्न्हाई दिंदा करुसन्तुके राउंनु नगरि कसैका घरमा १०।२०।४०।६०।८० मुरीसम्म पनी रहेछ ज्मा गरि यकै थाउमा राख्याको छ जो घ्याङ गुम्वामा रहन्या लामाहरू र निस्कन नपाउन्या वूढावुढी किल्लैभित्र वस्याका रहचाछन् . इनको अन्न पानी भाडावर्तन इनैलाई थामी दित्रा . अरू दुस्मन् सित मिली भागी जान्या र अघीवाटै भागी जान्या रैतिहरूलाई हामीलाई मान्छौ भन्या तम्रो ज्यूधन केही हुन्या छैन भनी मैले दम दिलासाको वेहोरा लेषी भोटचा अक्षरको चिठी पठाई दिंदा कोही सामेल हुन आयेनन् . अवर तिमीलाई मान्छौं किल्ला गुलजार गर्छौं भनी १।२ घर आउन लागीरहचा छन् . तिमीहरूको मालताल जो आउन्याहरूको फिर्ता गरिदिन्या होकी नदिन्या हो जोमर्जि मुकाम भ्मुगा किल्ला शुभ्म् ----------